नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

पत्र संख्या:- शा.सु.०७७/०७८/०८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- १४४२

सिंहदरबार,
काठमाडौं, नेपाल।
मिति: २०७७/०७/२५

विषय: निर्णय पठाइएको सम्बन्धमा ।

**अत्यन्त जरुरी**

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, सबै ।

उपर्युक्त विषयमा मिति २०७७/०७/२५ गते माननीय गृहमन्त्री राम बहादुर थापा 'बादल'ज्यूको अध्यक्षतामा नदिजन्य पदार्थको उत्खनन्, संकलन, उपयोग तथा बिक्री वितरण सम्बन्धमा सम्पन्न बैठकको निर्णयको छायाँप्रति पाना १ (एक) आवश्यक कार्यान्वयनका लागि यसैसाथ संलग्न राखी यहाँ पठाइएको व्यहोरा आदेशानुसार सादर अनुरोध गर्दछु ।

(दीपक पौडेल)
शाखा अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय

निर्णय

१. नदिजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री वितरण र नदिजन्य पदार्थसँग सम्बन्धित क्रसर उद्योग तथा बालुवा प्रशोधन उद्योग सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने :

क. नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भई हाल कार्यान्वयन भईरहेको ढुंगा, गिट्टी बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा रहेको कतिपय व्यवस्था कार्यान्वयनमा कठिनाई देखिएको, कतिपय व्यवस्था अव्यवहारिक देखिएको, अनुगमन व्यवस्थालाई थप प्रभावकारी बनाउनु पर्ने देखिएको तथा केहि विषय थप गर्नु पर्ने समेत देखिएकोले समग्र पक्षको विश्लेषण गरी सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले १५ दिन भित्र ढुंगा गिट्टी बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ लाई परिमार्जन गर्ने ।

ख. हाल सञ्चालनमा रहेका क्रसर उद्योगहरुको सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा डिभिजन वन कार्यालयको प्रमुख, जिल्ला प्रहरी कार्यालयको प्रमुख, घरेलु तथा साना उद्योग कार्यालयको प्रमुख, मालपोत कार्यालयको प्रमुख, नापी कार्यालयको प्रमुख र सम्बन्धित इञ्जिनियर सम्मिलित टोलीबाट तत्काल अनुगमन गरी क्रसर उद्योग विधिपूर्वक दर्ता भए/नभएको, उद्योग दर्ता हुँदाको बखत तोकिएको उद्देश्य अनुरुप सञ्चालन भए/नभएको, IEE स्वीकृत भए/नभएको, तोकिएको जग्गामा उद्योग सञ्चालन भए/नभएको, दर्ता हुँदाका बखत तोकिएका अन्य शर्त तथा मापदण्ड पालना भए/नभएको राजश्व, रोयल्टी वा तिर्नु बुझाउनु पर्ने सरकारी दस्तुर बुझाए/नबुझाएको लगायतको विवरण संकलन गरी सो को विवरण ७ दिन भित्र गृह मन्त्रालयमा पठाउन सबै प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन दिने ।

ग. राष्ट्रिय गौरवको आयोजना वा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा कुनै अन्य आयोजना प्रयोजनका लागि स्वीकृति लिई क्रसर सञ्चालन भएको भए सो को विवरण समेत पठाउन सबै प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन दिने ।

घ. विना दर्ता सञ्चालित क्रसर तथा बालुवा प्रशोधन उद्योग तत्काल बन्द गर्ने/गराउने ।

ङ. नदिजन्य पदार्थमा आधारित उद्योग तथा स्थानीय तहबाट ठेक्का लगाइएका नदिजन्य पदार्थको उत्खनन् संकलन तथा बिक्री वितरणको प्रभावकारी रुपमा अनुगमन गरी निर्धारित मापदण्ड विपरित सञ्चालनमा रहेको पाइएमा कारबाही गर्ने ।